नेपाल सरकार
कृषि तथा पशुपन्छी विकास मन्त्रालय
प्रधानमन्त्री कृषि आधुनिकिकरण परियोजना
परियोजना कार्यान्वयन एकाई, भक्तपुर
(कार्यक्षेत्र: भक्तपुर, काठमाण्डौं र ललितपुर)

☎०१-५७०८१००
Email:pmamp.piu.bhaktapur@gmail.com
Website: piubhaktapur.pmamp.gov.np

सुर्यविनायक न.पा.-५, चुनदेवी
भक्तपुर

# सूचना नं.: २

## परियोजना कार्यान्वयन एकाई, भक्तपुर अन्तर्गत संचालन हुने

## सुचिकृत हुन तथा कार्यक्रममा सहभागी हुन प्रस्ताव आव्हानको सूचना

(प्रथम पटक सूचना प्रकाशित मितिः २०८१/०५/०२)

प्रधानमन्त्री कृषि आधुनिकिकरण परियोजना, परियोजना कार्यान्वयन एकाई, भक्तपुर अन्तर्गत संचालित जोनका कार्यक्षेत्रहरु :

| क.स | जोन | क.सं | जोन |
|---|---|---|---|
| १ | आलु जोन भक्तपुर- चाँगुनारायण न.पा.को सबै वडाहरु | ४ | तरकारी जोन, भक्तपुर- मध्यपुर थिमी न.पा. र सुर्यविनायक न.पा.का सबै वडाहरु<br>प्रस्तावित थप क्षेत्र: चाँगुनारायण न.पा.को सबै वडाहरु |
| २ | आलु जोन काठमाण्डौ- शंखरापुर न.पा.को सबै वडाहरु<br>प्रस्तावित थप क्षेत्र : कागेश्वोरी मनोहरा न.पा.को सबै वडाहरु | ५ | तरकारी जोन, काठमाडौं- नागार्जुन न.पा.र चन्द्रागिरी न.पा.का सबै वडाहरु<br>प्रस्तावित थप क्षेत्र : तार्केश्वोर न.पा.को सबै वडाहरु |
| ३ | तरकारी जोन ललितपुर- गोदावरी न.पा., कोञ्जोसोम गा.पा. र बागमती गा.पा.को सबै वडाहरु<br>प्रस्तावित थप क्षेत्र : महालक्ष्मी न.पा.को सबै वडाहरु | ६ | दुध(गाई-भैंसी )जोन, ललितपुर- गोदावरी न.पा.भरि<br>प्रस्तावित थप क्षेत्र : कोञ्जोसोम गा.पा. र बागमती गा.पा.को सबै वडाहरु |

प्रधानमन्त्री कृषि आधुनिकीकरण परियोजनाको परियोजना कार्यान्वयन म्यानुअल, प्रचलित नियम कानुन र स्वीकृत नर्मसहरु अनुसार संचालन हुने **प्रधानमन्त्री कृषि आधुनिकीकरण परियोजना, परियोजना कार्यान्वयन एकाई भक्तपुरको आ.व.२०८१/८२** को स्वीकृत वार्षिक कार्यक्रम अनुसार भक्तपुर, ललितपुर र काठमाण्डौं जिल्लाहरुमा संचालित विभिन्न बालीका जोन( व्यवसायिक कृषि उत्पादन तथा प्रशोधन केन्द्र ) क्षेत्रमा संचालन हुने तपसिल बमोजिमका कार्यक्रममा सहभागी हुन चाहने संबन्धित जोन क्षेत्रका सुचिकृत कृषक समूह, कृषि सहकारी, जल उपभोक्ता समिति र निजी कृषि फर्म तथा कृषि कम्पनीहरुका आधिकारिक व्यक्तिले यस कार्यालयको निर्धारित ढांचाको आवेदनसाथ निम्न बमोजिमको आवश्यक कागजातहरु सहित कार्यालय समयभित्र परियोजना कार्यान्वयन एकाई, भक्तपुर वा सम्बन्धित जोन प्राविधिक एकाइ ललितपुर वा काठमाण्डौंमा मिति **२०८१ भाद्र ३१** गते सम्म (अन्तिम दिन सार्वजनिक बिदा परेको खण्डमा त्यसको भोलिपल्ट) **तोकिए बमोजिमको लागत सहभागिता सहितको अनुदानमा** संचालन हुने कार्यक्रमहरुका लागि प्रस्ताव पेश गर्नु हुन सम्बन्धित सबैको जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ।

पुनश्च : हालसम्म सुचिकृत नभएका कृषक समूह/ कृषि सहकारी/जल उपभोक्ता समिति/नीजि कृषि फर्म तथा कृषि कम्पनीहरुले आवेदन सहितको प्रस्ताव पेश गर्ने अन्तिम म्याद अगावै नियमानुसार सम्बन्धित जोनमा सूचिकृत हुन तथा सुचिकृत कृषक समूह/ कृषि सहकारी/जल उपभोक्ता समिति/नीजि कृषि फर्म तथा कृषि कम्पनीहरुलाई आफ्नो बिवरण अध्यावधिक गराउनु भइ सूचीकरण नविकरण गराई सूचना बमोजिमको कार्यक्रममा सहभागिताको लागि प्रस्ताव पेश गर्न सकने व्यहोरा समेत जानकारी गराइन्छ ।

चुडामणी भट्टराई
वरिष्ठ कृषि अधिकृत

१. परियोजना कार्यान्वयन एकाई, भक्तपुर अन्तर्गत संचालन हुने

| क.सं. | स्वीकृत कार्यक्रम | इकाई | परिमाण | जम्मा बजेट (रु.लाखमा ) | अनुदान रकम | कार्य क्षेत्र | कैफियत |
|---|---|---|---|---|---|---|---|
| १.१ | सिंचाइ पुर्वाधार निर्माण तथा मर्मत सम्भार (पुँजीगत) | संख्या | १५ | १८ | प्रधानमन्त्री कृषि आधुनिकीकरण परियोजनाको परियोजना कार्यान्वयन म्यानुअल-२०७७ को ७.१ मा व्यवस्था भए बमोजिम वा प्रति आयोजना बढीमा १ लाख २० हजार | काठमाण्डौ, ललितपुर, भक्तपुरका तरकारी तथा आलु जोन क्षेत्रहरुमा | -बाँध, नहर, कुलो, पैनी, स्यालो ट्युवेल, पक्की पानी संकलन ट्यांकी /इन्टेक आदि लगायतका पक्की सरंचना निर्माणका लागि<br>-कम्तिमा ५ रोपनी क्षेत्रमा सिंचाई हुनुपर्ने |
| १.२ | सिंचाइ पुर्वाधार निर्माण तथा मर्मत सम्भार -चालु | पटक /संख्या | २५ | ३७.५ | प्रधानमन्त्री कृषि आधुनिकीकरण परियोजनाको परियोजना कार्यान्वयन म्यानुअल-२०७७ को ७.१ मा व्यवस्था भए बमोजिम वा प्रति आयोजना बढीमा १ लाख ५० हजार | काठमाण्डौ, ललितपुर, भक्तपुरका तरकारी तथा आलु जोन क्षेत्रहरुमा | -कम्तिमा ५ रोपनी क्षेत्रमा सिंचाई हुनुपर्ने<br>-थोपा सिंचाई सेट जडानको हकमा कम्तिमा २ रोपनी वा सो भन्दा बढी क्षेत्रमा सिंचाई हुने सुनिश्चितता हुनु पर्ने ।<br>- सिंचाईको लागि आवस्यक पाइप,मोटर सेट ,थोपा सिंचाई सेट जडान लगायतका सामग्री समेत |
| १.३ | जोन/सुपरजोन क्षेत्रमा कृषि यान्त्रीकरण सहयोग | पटक | १ | ६० | स्वीकृत दररेटमा ५० प्रतिशत | काठमाण्डौ, ललितपुर, भक्तपुरका तरकारी,आलु तथा गाई-भैंसी जोन क्षेत्रहरुमा | -सम्बन्धित बस्तु विशेष जोन( आलु,तरकारी, र गाईभैंसी )का आधारमा उत्पादन र प्रसोधनमा प्रयोग हुने कृषि यन्त्र/उपकरण/औंजारहरु को खरिदका लागि पुँजीगत अनुदान |
| १.४ | पोष्ट हार्भेष्ट क्षति न्यूनीकरण,प्याकेजिङ,लेवलिङ, बजारीकरण तथा प्रसोधन सहयोग कार्यक्रम | संख्या | २ | २० | प्रधानमन्त्री कृषि आधुनिकीकरण परियोजनाको परियोजना कार्यान्वयन म्यानुअल-२०७७ को ७.१ मा व्यवस्था भए बमोजिम वा प्रति आयोजना बढीमा १० लाख | काठमाण्डौ, ललितपुर, भक्तपुरका तरकारी,आलु तथा गाई-भैंसी जोन क्षेत्रहरुमा | -कृषि बजार निर्माण , भण्डारण पुर्वाधार निर्माण , कृषि तथा पशु उत्पादनका प्राथमिक प्रशोधन वा प्रशोधन उधोग स्थापना आदिका लागि पुँजीगत अनुदान<br>-मूल्य शृंखला अभिवृद्धिका लागि सहयोग पुग्ने यन्त्र उपकरण(डिस मिल,काम्बाइन मिल, डिजिटल तराजु लगायत अन्य सामाग्रीहरु)<br>-बजारीकरणका लागि आवस्यक क्रेट,प्याकजिंग बक्स |

चुडामणी भट्टराई
वरिष्ठ कृषि अधिकृत

| क.सं. | स्वीकृत कार्यक्रम | इकाई | परिमाण | जम्मा बजेट (रु.लाखमा ) | अनुदान रकम | कार्यक्षेत्र | कैफियत |
|---|---|---|---|---|---|---|---|
| १.५ | जोन क्षेत्रमा सामुहिक र करार खेती प्रवर्धन कार्यक्रम | पटक | २५ | ५० | प्रति हेक्टर बढीमा २ लाख -प्लास्टिक टनेल निर्माण ,थोपा सिंचाई ,कृषि औजार उपकरण लगायत अन्य सामाग्रीहरुमा ५०% अनुदान | काठमाण्डौं, ललितपुर, भक्तपुरका तरकारी तथा आलु जोन क्षेत्रहरुमा | -कम्तिमा १० रोपनी क्षेत्रफलमा सामुहिक / करार खेतीमा संलग्न भएको हुनु पर्ने |
| १.६ | माटोको गुणस्कृतर सुधारका लागि कृषकलाई प्रांगारिक मल /भर्मी कम्पोस्ट खरिदमा सहयोग कार्यक्रम | पटक /संख्या | १ | १२.७५ | स्वीकृत दररेटमा ५० प्रतिशतमा प्रांगारिक मल /भर्मी कम्पोस्ट | काठमाण्डौं, ललितपुर, भक्तपुरका तरकारी तथा आलु जोन क्षेत्रहरुमा | -खेती गरिएको क्षेत्रफलको आधारमा |
| १.७ | माटो सुधारको लागि कृषि चुन ढुवानी सहित अनुदानमा वितरण | मे.टन | २०० | ८.५ | स्वीकृत दररेटमा ५० प्रतिशतमा कृषि चुन वितरण | काठमाण्डौं, ललितपुर, भक्तपुरका तरकारी तथा आलु जोन क्षेत्रहरुमा | -माटो जांच र मागको आधारमा खेती गरिएको क्षेत्रफल अनुसार |
| १.८ | जोन क्षेत्रमा रोग किरा प्रकोप नियन्त्रण विशेष कार्यक्रम (सम्बन्धित जोन कमाण्ड क्षेत्रहरु ) | पटक /संख्या | ४ | ४.२५ | स्वीकृत दररेटमा ५० प्रतिशतमा | काठमाण्डौं, ललितपुर, भक्तपुरका तरकारी तथा आलु जोन क्षेत्रहरुमा | -मागको आधारमा खेती गरिएको क्षेत्रफल अनुसार रोग किरा प्रकोप नियन्त्रणका लागि आवस्यक पर्ने बिभिन्न पासो लगायत जैविक तथा अजैविक विषादीहरु |
| १.९ | मल्चिंग प्लास्टिक तथा ग्रीन नेट \इन्सेक्ट नेट सहयोग कार्यक्रम | पटक /संख्या | १ | ६.८ | स्वीकृत दररेटमा ५० प्रतिशतमा | काठमाण्डौं, ललितपुर, भक्तपुरका तरकारी तथा आलु जोन क्षेत्रहरुमा | -मागको आधारमा खेती गरिएको क्षेत्रफल अनुसार |

चुडामणी भट्टराई
वरिष्ठ कृषि अधिकृत

| क्र.सं. | स्वीकृत कार्यक्रम | इकाई | परिमाण | जम्मा वजेट (रु.लाखमा ) | अनुदान रकम | कार्य क्षेत्र | कैफियत |
|---|---|---|---|---|---|---|---|
| १.१० | स्थानियस्तरमा नर्सरी/सेड हाउस स्थापनामा सहयोग (जोनको कमाण्ड क्षेत्र भित्र ) | पटक | २ | ४ | प्रधानमन्त्री कृषि आधुनिकीकरण परियोजनाको परियोजना कार्यान्वयन म्यानुअल-२०७७ को ७.१ मा व्यवस्था भए बमोजिम वा प्रति आयोजना बढीमा २ लाख | काठमाडौं, ललितपुर भक्तपुरका तरकारी तथा आलु जोन क्षेत्रहरुमा | -मागको आधारमा |
| १.११ | तरकारी जोन लागु भएका जिल्लाहरुमा व्यवसायिक प्याज प्रवर्द्धन कार्यक्रम - व्यवासायिक प्याज प्रवर्द्धन कार्यक्रम | पटक | २ | ८.५ | स्वीकृत दररेटमा ५० प्रतिशत | काठमाडौं ललितपुर भक्तपुर जिल्लाभरि | -मागको आधारमा |
| १.१२ | कृषि तथा पशुपन्छी उद्यमशिलता कार्यक्रम-उद्यमशिलता कार्यक्रमको लागि अनुदान कार्यक्रम | पटक | २५ | १०० | -प्रति प्रस्ताव बढीमा ४ लाख रुपैया सम्म वा स्वीकृत प्रस्ताव अनुसार कार्य सम्पन्न प्रगतिका आधारमा कुल लागतको बढीमा ५० प्रतिशत रकम अनुदान स्वरुप शोधभर्ना गरिने। | काठमाडौं ललितपुर भक्तपुर जिल्लाभरि | -कृषि तथा पशुपन्छी उद्यमशिलता विकास कार्यक्रम संचालन कार्यविधि,२०८० को दफा ६ मा उल्लेख भए बमोजिमका बाली/वस्तु तथा मूल्य-श्रृंखलाका क्षेत्रहरुमा संचालन गरिने। -कार्यविधि संशोधन भइ आएको खण्डमा सोहि अनुसार हुने -१८ देखि ५० वर्ष पुरा नभएका उमेर समूहभित्रका मात्र |

२. तरकारी जोन-भक्तपुर अन्तर्गत संचालन हुने

| क्र.सं. | स्वीकृत कार्यक्रम | इकाई | परिमाण | जम्मा वजेट (रु.लाखमा | यस कार्यालयबाट उपलब्ध हुन सक्ने अनुदान | कार्य क्षेत्र | कैफियत |
|---|---|---|---|---|---|---|---|
| २.१ | सहभागितात्मक व्यावसायिक नवीनतम उत्पादन प्रवर्द्धन कार्यक्रम | पटक | २ | १.७ | -प्रति आयोजना बढीमा ८५ हजार -मागको आधारमा खेती गरिएको क्षेत्रफल अनुसार उत्पादनका लागि आवस्यक सामाग्रीहरु (बीउ,मल लगायत अन्य नविनतम प्रविधिहरु ) | तरकारी जोन-भक्तपुर | कम्तीमा १० रोपनी क्षेत्रफलमा व्यवसायिक खेति गरेको हुनुपर्ने -तरकारी खेतीमा नविनतम प्रविधिको प्रयोग हुनु पर्ने -नयाँ र सम्भावना भएका तरकारीहरु को उत्पादन प्रवर्द्धनमा जोड -भौतिक पूर्वाधारको राम्रो व्यवस्था भएको हुनु पर्ने । |

चुडामणी भट्टराई
वरिष्ठ कृषि अधिकृत

| क.सं. | स्वीकृत कार्यक्रम | इकाई | परिमाण | जम्मा बजेट (रु.लाखमा ) | अनुदान रकम | कार्यक्षेत्र | कैफियत |
|---|---|---|---|---|---|---|---|
| २.२ | उन्नत प्रविधि प्रर्दशन तथा प्रर्वद्धन कार्यक्रम | संख्या | २ | १.७ | प्रति आयोजना बढीमा ८५ हजार<br>-मागको आधारमा खेती गरिएको क्षेत्रफल अनुसार उत्पादनका लागि आवश्यक सामाग्रीहरु (बीउ,मल लगायत अन्य नविनतम प्रबिधिहरु ) | तरकारी जोन-भक्तपुर | कम्तीमा १० रोपनी क्षेत्रफलमा व्यवसायिक खेति गरेको हुनुपर्ने<br>-तरकारी खेतीमा नविनतम प्रविधिको प्रयोग हुनु पर्ने<br>-नयाँ र सम्भावना भएका तरकारीहरु को उत्पादन प्रवर्द्धनमा जोड<br>-भौतिक पूर्वाधारको राम्रो व्यवस्था भएको हुनु पर्ने । |
| २.३ | साझेदारीमा परिमार्जित संरक्षित सरचना निर्माण तथा उत्पादन प्रदर्शन कार्यक्रम | पटक /संख्या | १ | ६.३८ | प्रधानमन्त्री कृषि आधुनिकीकरण परियोजनाको परियोजना कार्यान्वयन म्यानुअल-२०७७ को ७.१ मा व्यवस्था भए बमोजिम वा प्रति आयोजना बढीमा ६ लाख ३८ हजार | तरकारी जोन-भक्तपुर | -प.का.ए. भक्तपुरले तोकिए बमोजिमको ढांचामा संरचना निर्माण गर्नुपर्ने ।<br>-तोकिए बमोजिमको क्षेत्रफलमा बनाउनुपर्ने ।<br>-सिकाई केन्द्रको रुपमा विकास हुन सक्ने र व्यवसायलाई दिगोरुपमा निरन्तरता दिन सक्ने । |
| २.४ | प्लाष्टिक घर निर्माण सहयोग | रोपनी | १०० | १५ | स्वीकृत दर रेटमा ५० प्रतिशतमा टनेलको लागि UV प्लास्टिक लगायत अन्य आवस्यक सामाग्रीहरु खरिदमा सहयोग | तरकारी जोन-भक्तपुर | कम्तिमा २ रोपनी क्षेत्रमा स्थाई वा बाँसको टनेल निर्माण गरि खेती गरेको हुनुपर्ने वा ५ मि. x १२ मि. का ८ वटा टनेल हुनुपर्ने |
| २.५ | गाँजर खेती उत्पादन,भण्डारण ,प्रसोधन तथा बजारीकरण सहयोग कार्यक्रम | पटक /संख्या | १ | ८.५ | गाँजरको बीउ लगायत गाँजर खेतीका लागि आवस्यक अन्य सामाग्रीहरु खरिदमा बढीमा ५० प्रतिशत अनुदान | तरकारी जोन-भक्तपुर | मागको आधारमा खेती गरिएको क्षेत्रफल अनुसार |
| २.६ | नविनतम सिंचाइ प्रविधि (थोपा सिंचाइ) जडान सहयोग कार्यक्रम | पटक /संख्या | ४ | ६ | स्वीकृत दररेटमा ५० प्रतिशत वा प्रति आयोजना बढीमा १ लाख ५० हजार | तरकारी जोन-भक्तपुर | कम्तिमा ५ रोपनी क्षेत्रमा व्यवसायिक खेती गरेको हुनु पर्ने |
| २.७ | कुरिलो,च्याउ तथा स्ट्रबेरी खेती प्रवर्धन,प्रशोधन तथा बजारीकरण सहयोग | पटक /संख्या | १ | १० | प्रधानमन्त्री कृषि आधुनिकीकरण परियोजनाको परियोजना कार्यान्वयन म्यानुअल-२०७७ को ७.१ मा व्यवस्था भए बमोजिम वा प्रति आयोजना बढीमा १० लाख | तरकारी जोन-भक्तपुर | - कम्तिमा ५ रोपनी क्षेत्रमा व्यवसायिक खेती गरेको हुनु पर्ने<br>-नयाँ र सम्भावना भएका कुरिलो,च्याउ तथा स्ट्रबेरीको उत्पादन प्रवर्द्धनमा जोड<br>-भौतिक पूर्वाधारको राम्रो व्यवस्था भएको हुनु पर्ने । |

| क.सं. | स्वीकृत कार्यक्रम | इकाई | परिमाण | जम्मा वजेट (रु.लाखमा ) | अनुदान रकम | कार्य क्षेत्र | कैफियत |
|---|---|---|---|---|---|---|---|
| २.८ | आकस्मिक बाली संरक्षण सेवा | पटक | ३ | १.९१ | स्वीकृत दररेटमा ५० प्रतिशतमा | तरकारी जोन-भक्तपुर | मागको आधारमा खेती गरिएको क्षेत्रफल अनुसार रोग किरा प्रकोप नियन्त्रणका लागि आवश्यक पर्ने बिभिन्न पासो लगायत जैविक तथा अजैविक बिषादीहरु |

३. तरकारी जोन-काठमाडौं अन्तर्गत संचालन हुने

| क.सं. | स्वीकृत कार्यक्रम | इकाई | परिमाण | जम्मा वजेट (रु.लाखमा | यस कार्यालयवाट उपलब्ध हुन सक्ने अनुदान | कार्य क्षेत्र | कैफियत |
|---|---|---|---|---|---|---|---|
| ३.१ | सहभागितात्मक व्यावसायिक नवीनतम उत्पादन प्रवर्द्धन कार्यक्रम | पटक | २ | १.७ | प्रति आयोजना बढीमा ८५ हजार -मागको आधारमा खेती गरिएको क्षेत्रफल अनुसार उत्पादनका लागि आवस्यक सामाग्रीहरु (बीउ,मल लगायत अन्य नविनतम प्रविधिहरु ) | तरकारी जोन-काठमाडौं | कम्तीमा १० रोपनी क्षेत्रफलमा व्यवसायिक खेति गरेको हुनुपर्ने - तरकारी खेतीमा नविनतम प्रविधिको प्रयोग हुनु पर्ने -नयाँ र सम्भावना भएका तरकारीहरु को उत्पादन प्रवर्द्धनमा जोड -भौतिक पूर्वाधारको राम्रो व्यवस्था भएको हुनु पर्ने । |
| ३.२ | उन्नत प्रविधि प्रर्दशन तथा प्रर्वद्धन कार्यक्रम | संख्या | २ | १.७ | प्रति आयोजना बढीमा ८५ हजार -मागको आधारमा खेती गरिएको क्षेत्रफल अनुसार उत्पादनका लागि आवस्यक सामाग्रीहरु (बीउ,मल लगायत अन्य नविनतम प्रविधिहरु ) | तरकारी जोन-काठमाडौं | -कम्तीमा १० रोपनी क्षेत्रफलमा व्यवसायिक खेति गरेको हुनुपर्ने -तरकारी खेतीमा नविनतम प्रविधिको प्रयोग हुनु पर्ने -नयाँ र सम्भावना भएका तरकारीहरु को उत्पादन प्रवर्द्धनमा जोड -भौतिक पूर्वाधारको राम्रो व्यवस्था भएको हुनु पर्ने । |
| ३.३ | गोलभेडाको ग्राफटेड बेर्ना लगायत अन्य तरकारी बालीहरुको उन्नत बीउ एवं बेर्ना वितरण | पटक | १ | ३.४ | स्वीकृत दररेटमा ५० प्रतिशतमा | तरकारी जोन-काठमाडौं | -मागको आधारमा खेती गरिएको क्षेत्रफल अनुसार गोलभेडाको ग्राफटेड बेर्ना लगायत अन्य तरकारीबालीहरुको उन्नत बीउ एवं बेर्नाहरु |
| ३.४ | प्लाण्टिक घर निर्माण सहयोग | रोपनी | १३० | १९.५ | स्वीकृत दर रेटमा ५० प्रतिशतमा टनेलको लागि UV प्लास्टिक लगायत अन्य आवश्यक सामाग्रीहरु खरिदमा सहयोग | तरकारी जोन-काठमाडौं | -कम्तिमा २ रोपनी क्षेत्रमा स्थाई वा बाँसको टनेल निर्माण गरि खेती गरेको हुनुपर्ने वा ५ मि. x १२ मि. का ८ वटा टनेल हुनुपर्ने |

| क.सं. | स्वीकृत कार्यक्रम | इकाई | परिमाण | जम्मा बजेट (रु.लाखमा ) | अनुदान रकम | कार्य क्षेत्र | कैफियत |
|---|---|---|---|---|---|---|---|
| ३.५ | नविनतम सिंचाइ प्रविधि (थोपा सिंचाइ) जडान सहयोग कार्यक्रम | पटक /संख्या | ४ | ६ | स्वीकृत दररेटमा ५० प्रतिशत वा प्रति आयोजना बढीमा १ लाख ५० हजार | तरकारी जोन-काठमाडौं | कम्तिमा ५ रोपनी क्षेत्रमा व्यवसायिक खेती गरेको हुनु पर्ने |
| ३.६ | आकस्मिक बाली संरक्षण सेवा | पटक | ३ | १.९१ | स्वीकृत दररेटमा ५० प्रतिशतमा | तरकारी जोन-काठमाडौं | मागको आधारमा खेती गरिएको क्षेत्रफल अनुसार रोग किरा प्रकोप नियन्त्रणका लागि आवस्यक पर्ने बिभिन्न पासो लगायत जैविक तथा अजैविक विषादीहरु |

४. तरकारी जोन-ललितपुर अन्तर्गत संचालन हुने

| क.सं. | स्वीकृत कार्यक्रम | इकाई | परिमाण | जम्मा बजेट (रु.लाखमा | यस कार्यालयवाट उपलब्ध हुन सक्ने अनुदान | कार्य क्षेत्र | कैफियत |
|---|---|---|---|---|---|---|---|
| ४.१ | सहभागितात्मक व्यावसायिक नवीनतम उत्पादन प्रवर्द्धन कार्यक्रम | पटक | २ | १.७ | प्रति आयोजना बढीमा ८५ हजार -मागको आधारमा खेती गरिएको क्षेत्रफल अनुसार उत्पादनका लागि आवस्यक सामाग्रीहरु (बीउ,मल लगायत अन्य नविनतम प्रविधिहरु ) | तरकारी जोन-ललितपुर | कम्तीमा १० रोपनी क्षेत्रफलमा व्यवसायिक खेति गरेको हुनुपर्ने . तरकारी खेतीमा नविनतम प्रविधिको प्रयोग हुनु पर्ने -नयाँ र सम्भावना भएका तरकारीहरु को उत्पादन प्रवर्द्धनमा जोड -भौतिक पूर्वाधारको राम्रो व्यवस्था भएको हुनु पर्ने । |
| ४.२ | उन्नत प्रविधि प्रर्दशन तथा प्रवर्द्धन कार्यक्रम | संख्या | २ | १.७ | प्रति आयोजना बढीमा ८५ हजार -मागको आधारमा खेती गरिएको क्षेत्रफल अनुसार उत्पादनका लागि आवस्यक सामाग्रीहरु (बीउ,मल लगायत अन्य नविनतम प्रविधिहरु ) | तरकारी जोन-ललितपुर | -कम्तीमा १० रोपनी क्षेत्रफलमा व्यवसायिक खेति गरेको हुनुपर्ने -तरकारी खेतीमा नविनतम प्रविधिको प्रयोग हुनु पर्ने -नयाँ र सम्भावना भएका तरकारीहरु को उत्पादन प्रवर्द्धनमा जोड -भौतिक पूर्वाधारको राम्रो व्यवस्था भएको हुनु पर्ने । |
| ४.३ | प्लाष्टिक घर निर्माण सहयोग | रोपनी | १०० | १५ | स्वीकृत दर रेटमा ५० प्रतिशतमा टनेलको लागि UV प्लास्टिक लगायत अन्य आवस्यक सामाग्रीहरु खरिदमा सहयोग | तरकारी जोन-ललितपुर | कम्तिमा २ रोपनी क्षेत्रमा स्थाई वा बाँसको टनेल निर्माण गरि खेती गरेको हुनुपर्ने वा ५ मि. X १२ मि. का ८ वटा टनेल हुनुपर्ने |
| ४.४ | नविनतम सिंचाइ प्रविधि (थोपा सिंचाइ) जडान सहयोग कार्यक्रम | पटक /संख्या | ४ | ६ | स्वीकृत दररेटमा ५० प्रतिशत वा प्रति आयोजना बढीमा १ लाख ५० हजार | तरकारी जोन-ललितपुर | कम्तिमा ५ रोपनी क्षेत्रमा व्यवसायिक खेती गरेको हुनु पर्ने |

| क.सं. | स्वीकृत कार्यक्रम | इकाई | परिमाण | जम्मा बजेट (रु.लाखमा ) | अनुदान रकम | कार्य क्षेत्र | कैफियत |
|---|---|---|---|---|---|---|---|
| ४.५ | आकस्मिक बाली संरक्षण सेवा | पटक | ३ | १.९१ | स्वीकृत दररेटमा ५० प्रतिशतमा | तरकारी जोन-ललितपुर | मागको आधारमा खेती गरिएको क्षेत्रफल अनुसार रोग किरा प्रकोप नियन्त्रणका लागि आवश्यक पर्ने विभिन्न पासो लगायत जैविक तथा अजैविक बिषादीहरु |

५. दुध (गाई/भैंसी) जोन-ललितपुर अन्तर्गत संचालन हुने

| क.सं. | स्वीकृत कार्यक्रम | इकाई | परिमाण | जम्मा बजेट (रु.लाखमा | यस कार्यालयबाट उपलब्ध हुन सक्ने अनुदान | कार्य क्षेत्र | कैफियत |
|---|---|---|---|---|---|---|---|
| ५.१ | गोठ सुधार कार्यक्रम | संख्या | १५ | ६ | प्रधानमन्त्री कृषि आधुनिकीकरण परियोजनाको परियोजना कार्यान्वयन म्यानुअल-२०७७ को ७.१ मा व्यवस्था भए बमोजिम त्रा प्रति आयोजना बढीमा ४० हजार | दुध (गाई/भैंसी) जोन-ललितपुर | -कम्तिमा ५ वटा माउ गाई/भैंसी पालेको हुनु पर्ने<br>-कार्यक्रम अन्तर्गत गोठका साथै मलखाद व्यवस्थापनको लागि अनिवार्य रुपमा भर्मी पिट निर्माण गरि संचालन गर्नु पर्ने |
| ५.२ | उन्नत घाँस खेती प्रवर्धन कार्यक्रम ( बर्खे/बहु-बर्षे /हिउँदे घाँसको बीउ तथा बेर्ना वितरण ) | पटक /संख्या | २ | २.१३ | जै.टिओसेन्टी लगायत बहुबर्षे घाँसको बीउ तथा बेर्ना खरिदमा स्वीकृत दररेटको ५०% प्रतिशत अनुदान | दुध (गाई/भैंसी) जोन-ललितपुर | प्रति कृषक कम्तिमा २ रोपनी घाँस खेतीको लागि जग्गा उपलब्ध हुनु पर्ने |
| ५.३ | पशुपालन(गाई-भैंसी)का लागि आवस्यक मेसिनरी औजार एवं सामाग्री सहयोग कार्यक्रम | पटक /संख्या | १ | १० | स्वीकृत दररेटको ५०% प्रतिशत अनुदान | दुध (गाई/भैंसी) जोन-ललितपुर | -कम्तिमा ५ वटा माउ गाई/भैंसी पालेको हुनु पर्ने वा दुग्ध संकलन केन्द्र वा बिक्रेताको रुपमा कार्य गरेका लागि (चाफ कटर,मिल्किंग मेसिन,मिल्क एनालैजर,चिलिंग भ्याट, काऊ म्याट आदि खरिदमा सहयोग ) |

<u>आवेदनका साथ संग्लग्न गर्नुपर्ने कागजातहरु</u>

१. संस्थाको छाप सहितको रु. १० को हुलाक टिकट टाँसिको कार्यालयले तोकेको ढाँचामा आवेदन ।

२. कृषक समूह/सहकारी/जल उपभोक्ता समिति/कृषि उद्यमी (फर्म) सम्बन्धित सरकारी निकायमा विधिवत रुपमा संस्था दर्ता भएको तथा नियमानुसार नविकरण गरेको प्रमाण पत्रको प्रतिलिपी।

३. समुह सहकारीको हकमा सुचिकृत हुनका लागि जोनमा आवद्दता सम्वन्धि संस्थाको बैठकको निर्णयको प्रतिलिपी तथा कार्यक्रम मागका लागि कार्यक्रम अनुसार लाभग्राही छनौटको निर्णयको प्रतिलिपि ।

४. सम्बन्धित गाँउ पालिका, नगरपालिका, वडा कार्यालय वा पालिकाको कृषि शाखाको सिफारिश पत्र ।

५. सहकारी संस्था/फर्महरुको आ.व २०७९/८० वा अघिल्लो आ.व. को लेखा परिक्षण प्रतिवेदनको प्रतिलिपी ।

६. कर तिर्नुपर्ने संस्थाले आ.व २०७९/८० वा अघिल्लो आ.व. मा कर तिरेको रसिद वा कर चुक्ता प्रमाण पत्रको प्रतिलिपी ।

७. स्थायी लेखा नम्बर (PAN) प्रमाण पत्रको प्रतिलिपी ।

८. आवेदन दिने संस्थाको आधिकारिक व्यक्तिको नागरिकताको र संलग्न कृषकहरुको जग्गाको लालपूर्जाको प्रतिलिपी ।यदि जग्गा भाडामा लिएको हो भने कम्तिमा ५ बर्षको सम्झौता पत्र पेश गर्नुपर्नेछ । साथै पूर्वाधार निर्माणको हकमा कम्तीमा १० वर्षको सम्झौता अवधि हुनुपर्नेछ ।

पुनश्च: आवेदक जोनसँग सम्बन्धित बालीको उत्पादन, प्रशोधन तथा बजारीकरण सम्बन्धि कार्यमा व्यवसायिक रुपमा संलग्न रहेको हुनुपर्नेछ । आवेदनमा माग भए बमोजिमका सम्पूर्ण कागजात र प्रक्रिया नपुगेको खण्डमा ति कृषक समूह/सहकारी/जल उपभोक्ता समिति/उद्यमी (फर्म) हरुलाई जोनमा आवद्धता दिन र प्रस्ताब दर्ता गर्नका लागि परियोजना कार्यान्वयन एकाई बाध्य हुने छैन ।

नेपाल सरकार
कृषि तथा पशुपन्छी विकास मन्त्रालय
प्रधानमन्त्री कृषि आधुनिकीकरण परियोजना
परियोजना कार्यान्वयन एकाई
भक्तपुर

नोट:

- प्रस्तावित थप क्षेत्रका कृषक समूह/ कृषि सहकारी/जल उपभोक्ता समिति/नीजि कृषि फर्म तथा कृषि कम्पनीहरुले आवेदन सहितको प्रस्ताव पेश गर्ने अन्तिम म्याद अगावै नियमानुसार सम्बन्धित जोनमा सूचिकृत हुन पर्ने छ ।
- **प्रस्तावित थप क्षेत्रहरु स्वीकृत भएर नआएको खण्डमा यस सूचना बमोजिम परेका कार्यक्रम मागका आवेदनहरु स्वत: रद्द भएको मानिने छ र त्यस उपर कुनै उजुरबाजुर लाने छैन ।**
- गत आ.व.मा संबन्धित जोनमा सूचिकृत भइ सकेका सम्पूर्ण कृषक समूह/सहकारी/जल उपभोक्ता समिति/कृषि उद्यमी (फर्म)हरुले अनिवार्य रुपमा तोकिएको ढाँचामा विवरण पेश गरि अध्यावधिक गराउनु पर्ने छ ।
- साथै गत आ.ब. कार्यक्रम संचालन गर्दा सहभागी नभएका व्यवसायिक संस्थाहरुलाई प्राथमिक्ता दिईने छ ।
- गत आ.ब.को कार्यक्रममा अनुदान प्राप्त संस्थाहरुलाई सोहि कार्यक्रममा दोहरिने गरि कार्यक्रमको आवेदन लिइने छैन । साथै समुह/सहकारीको हकमा गत आ.ब.को कार्यक्रममा अनुदान पाएका सदस्यहरु नदोहरिने र नपाएका सदस्यहरुले पाउने सुनिश्चितताको लागि लाभग्राहीको नाम सहितको बैठकको निर्णय र अघिल्लो आ.ब.का लाभग्राहीहरुको भरपाई निवेदनका साथ अनिवार्य संलग्न गर्नु पर्ने छ ।
- निवेदकले समान प्रकृतिको कामका लागि आफ्नै समूहको स्रोत बाहेक अन्य कुनै सरकारी, गैह सरकारी संघ संस्थाबाट सहयोग, अनुदान आदि माग गरेको वा प्राप्त गरेको भए स्पष्ट रुपमा परियोजना कार्यान्वयन इकाईलाई जानकारी गराउनु पर्नेछ। समान प्रकृतिको कामका लागि एउटै आ.व. मा अन्य कुनै निकायबाट अनुदान लिन पाइने छैन । यदि बदनियत पूर्ण रुपमा अन्य कुनै निकायबाट समान प्रकृतिको कामका लागि एउटै आ.व.मा अनुदान लिएको पाइएमा प्रचलित कानुन बमोजिम कार्वाही र सरकारी बाँकि सरह असुल उपर गरेमा कुनै उजुर बाजुर गर्ने छैन भनि स्व-घोषणा गर्नु पर्नेछ ।
-

## आवेदन पेश गर्ने कार्यालय:

| | | |
|---|---|---|
| परियोजना कार्यान्वयन एकाइ- भक्तपुर,<br>सुर्यविनायक न.पा.-५, चुनदेवी, भक्तपुर<br>सम्पर्क नंबर: ०१-५७०८१०० | जोन प्राबिधिक एकाइ-ललितपुर,<br>गोदावरी न.पा.-१२, ठेचो, ललितपुर<br>सम्पर्क नंबर: ०१-५५७०२७३ | जोन प्राबिधिक एकाइ-काठमाण्डौं,<br>शंखरापुर न.पा.-६, साँखु, काठमाण्डौं<br>सम्पर्क नंबर: ०१-४४५१६५२ |

चुडामणी भट्टराई
वरिष्ठ कृषि अधिकृत